*बाल प्रतिभा प्रस्फूटनका लागि समर्पित*

# बाल उद्यान

## अर्ध-वार्षिक पत्रिका



वर्ष: १३ अंक: २ डीसेम्बर २०१९



# लू निभा: फोटो प्रोफाइल







# सम्पादकीय


**सल्लाहकार**
नरेन्द्र डंगोल
सन्तराम डंगोल

**सम्पादक**
चिरीकाजी डंगोल

**सम्पादन सहयोगी**
योगेन्द्र श्रेष्ठ
सोनिया आचार्य

**कानुनी सल्लाहकार**
कृष्णगोविन्द महर्जन

**मुद्रण**
पेश क्रियशन

**प्रकाशक**
लू निभाः बालसरोकार समूह
सैंबु १, ललितपुर
पो.ब.नं ८९७५, इ.पी.सी. २१२७, काठमाडौं
फोन नं: ५५९२०५४, ५५९१४२६
फ्याक्स : ५५९१३२९
ईमेलः info@loonivachild.org.np

**प्रकाशन सहयोग**
इन्टरपेडिया, फिनल्याण्ड
फिनल्याण्ड विदेश मन्त्रालय


मनुष्य आफैँमा असन्तुष्टि प्राणी हो । त्यही भएर होला विश्वमा मानिसहरुले आफ्नो जीवनशैलीलाई सहज बनाउन र नयाँ नयाँ कुरा थाहा पाउनका लागि विभिन्न उपायहरु गर्दै आइरहेका छन् । यसैका लागि विभिन्न वस्तु र सामानको आविस्कार र विकास गर्दै आइरहेका छन् । जीवनशैलीमा आएको परिवर्तनसँगै खानपानमा पनि धेरै परिवर्तन आइरहेको छ । जसले गर्दा मानिसहरुले त्यसबाट विभिन्न फाइदा लिएका छन् भने त्यसैबाट विभिन्न नयाँ नयाँ समस्याहरु पनि भित्राएका छन् । जसले गर्दा विभिन्न प्राकृतिक प्रकोपहरु जस्तैः आगलागी, बाढीपहिरो, भूकम्प जस्ता प्राकृतिक प्रकोप, विपत्ति र विभिन्न नयाँ नयाँ स्वास्थ्य समस्याहरु पनि निम्ताउँदै आइरहेका छन् ।

यस मध्ये ज्वलन्त उदाहरणका रुपमा हालै मात्र चीनबाट भित्रिएको महामारी कोरोना भाइरसलाई लिन सकिन्छ । यो पनि हामी मनुष्यकै उपजको एक नमुना हो । हाल यस महामारीले चीनमा मात्र नभएर विश्वभरको मानव जीवनलाई त्रासपूर्ण जीवन बाँच्न बाध्य पारेको छ । यो विश्वभर गम्भीर चासो चिन्ताको विषय बनेको छ । यस भाइरसबाट मानव जीवनलाई मृत्युको मुख सम्म पुऱ्याइरहेको छ । यसले गर्दा दिनप्रतिदिन यस भाइरसको नकारात्मक प्रभावले गर्दा मानसिक तनाव व्यहोर्नु परिरहेको अवस्था छ । यस महामारीलाई रोक्नका लागि मानिसहरु दिनरात नभनी अनुसन्धान गर्दै आइरहेका समाचारहरु पनि सुन्न र देख्न पाइन्छ ।

अब हामीले बुझ्नै पर्ने कुरा भनेको के हो ?कोरोना भाइरस यो कसरी फैलियो, यसका लक्षण र बच्ने उपायहरुको बारेमाचर्चा गरौं ।

**के हो त कोरोना भाइरस ?**
कोरोना भाइरस वास्तविक नाम नोबल कोरोना भाइरस हो र यो चीनबाट पत्ता लागेको हो । विभिन्न सञ्चार माध्यमको आधारमा यो भाइरसको कारण सर्प, समुन्द्री

खाना वा पशु बजारको वस्तुहरुबाट हुनसक्ने भनिएको छ । मध्य मंसिर अर्थात डिसेम्बर २०१९ को प्रारम्भतिर चीनको हुवेई प्रान्तको वुहानवाट सुरु भएको यो महामारी विश्वका विभिन्न भुभागमा फैलिइसके पनि ठ्याक्कै यो कसरी सुरु भयो, अझै पत्तालाग्न सकिएको छैन ।

**कोरोना भाइरसका के कस्ता लक्षणहरु देखिन्छ ?**

१) रुघा खोकीलाग्नु,
२) १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरी आउनु,
३) श्वासप्रश्वासमा अत्याधिक समस्याहुनु,
४) घाँटी, टाउको तथा जीउ दुख्नु,
५) निमोनिया हुनु ।
६) हाल आएर यतिमात्र सिमित लक्षण नभैई अन्य विभिन्न लक्षणहरु पनि देखा परेको कुरा अनुसन्धानमा आईरहेको छ ।

यो भाइरस अरु मानिसहरुमा सहजै सर्न सक्ने भएकाले यदि एक परिवारमा कसैलाई यो भाइरस छ भने अरुलाई सजिलै सर्न सक्छ । यस भाइरसको प्रभावको कारणले मिर्गौलाले काम गर्न छोड्ने, निमोनिया भई फोक्सोमा समेत असर भई मानिसको मृत्यु हुन्छ । अब यस भाइसरबाट बच्नकालागि

**के गर्न सकिन्छ त ?**

१) हामीलाई रुघाखोकी तथा श्वासप्रश्वासमा समस्या भएमा अरुको नजिक नजाने वा अरु कसैलाई भएको छ भनेपनि बिरामीको नजिक नजाने,
२) नियमित साबुनपानीले हातधुने,
३) खोक्दा, हाछ्युँ गर्दा नाक र मुखराम्ररी छोप्ने,
४) जङ्गली तथा घरेलु पशुपछिसँग सिधै सम्पर्क नजाने,
५) अण्डा तथा माछामासुलाई राम्ररी पकाएर मात्र खाने,
६) फ्लूको जस्तो लक्षण देखिए अस्पताल वा नजिकको स्वास्थ्यचौकी तुरुन्त जाने,

निष्कर्षमा, आम मानिसको स्वभाव भनेको कौतुहलता नै यसको सावधानीपूर्वक कुनै कार्य गर्छौं भने त्यसले सबै माझ परिचित तथा वाहावाहाको विषय हुन सक्दछ भने त्यही कुरालाई हेलचेक्राइँ गरी सावधानी नपनाई मनपरी गर्न खोज्यो भने आफू त समाप्त हुन्छ नै पूरै मानवलाई समेत समस्यामा पार्न सक्दछ । अतः हामी कुनै पनि प्रकारका आविष्कारका नाउँमा वा नौलोपनलाई अभ्यास गर्ने क्रियाकलापमा सदैब सर्तक हुनु अनिवार्य हुन्छ । अनि मात्र आफू र समाज सुरक्षित हुन सक्दछ । आफू पनि बाचौं, अरुलाई पनि बचाऊँ ।

बिशेष अनुरोध यस बिषयमा जानकार हुनु हुन्छ भने आफूमा सिमित्त नराखौं, अरुलाई समेत आदान प्रदान गर्ने गरौं,

# विषय-सूची


| विषय | पेज नं. |
|---|---|
| सानो उमेरमा नै गणितिय.... (जीवनी) | ५ |
| The Four Students (कथा) | ८ |
| Facts | ९ |
| स्वच्छ वातावरण (कविता) | १० |
| मज्जाको जोक्स !!! | ११ |
| शिक्षा (कविता) | १२ |
| गरिब भएपछि (कविता) | १३ |
| गीत (कविता) | १४ |
| शिक्षा (कविता) | १५ |
| विध्यालय (कविता) | १६ |
| प्रकृति (कविता) | १७ |
| आजका कोपिला (कविता) | १८ |
| रुख र मान्छे (कथा) | १९ |
| The Proud Rose (कथा) | २१ |
| Did you know | २२ |
| Elephant And Friends | २३ |
| रंग भर नतिजा | २४ |
| गजल (कविता) | २५ |
| राम्रो बानी (कविता) | २६ |
| हाम्रो संस्कृती (कविता) | २७ |
| मेरो गाउँ (कविता) | २८ |
| असल बानी (कविता) | २९ |
| नेपाल आमा (कविता) | ३० |
| मेरो देश (कविता) | ३१ |
| नगर हेला दलित भनेर (कविता) | ३२ |
| विद्यार्थी जिवनमा....... (लेख) | ३३ |
| शिक्षा हामी विद्यार्थीका... (लेख) | ३४ |
| समाजमा विद्यार्थीको भुमिका (लेख) | ३५ |
| Spot the difference | ३६ |
| Word Puzzle | ३७ |
| म र मेरो देश (कविता) | ३८ |
| How to draw Lotus | ३९ |
| जानकारी मूलक सन्देश..... | ४० |
| Hidden Picture | ४२ |
| चित्रमा सुहाउँदो रंग भर | ४३ |
| बाटो पत्ता लगाउ | ४४ |


**प्रकाशित सामग्रीबारे :**

*लू निभाः बाल सरोकार समूहले नियमित प्रकाशित गर्दै आएको अर्ध वार्षिक बालपत्रिका 'बाल उद्यान'मा प्रकाशित लेख रचना तथा सिर्जनाहरु कसैले आफ्नो नाम राखी पठाएमा पठाउने स्वयम् नै जिम्मेवार हुनु पर्ने सूचित गर्दछौं ।*

सम्पादन मण्डल, बाल उद्यान पत्रिका

# सानो उमेरमा नै गणितिय जगतमा तहल्का मच्चाउने व्यक्ति रामानुजन




एउटा गणित शिक्षक मसिना केटाकेटीहरुलाई गणित सिकाईरहेको थियो । केटाकेटीहरुलाई जोड, घटाउ, गुणा सिकाएर भागगर्ने तरिका सिकाउन शुरु गर्दैथ्यो । उसले सर्वप्रथम कालोपाटीमा तीनवटा केराका कोसाका चित्र बनाएर विद्यार्थीहरुलाई सोध्यो  भइबहिनीहरु हो यदी हामीसंग तीनवटा केराका कोसाहरु छन् ।अनि त्यसलाई खान खोज्न विद्यार्थी पनि तीनै जना छन् भने तीनवटा कोसा केरा तीनजना विद्यार्थीलाई बराबर गरी लाउँदा एउटा विद्यार्थीको भागमा कति पर्दछ ? ।

एउटा विद्यार्थी जुरुक्क उठेर जवाफदियौ, एउटा पर्दछ सर । यसरी कुनै संख्यालाई अर्को संख्याले भागदिने तरिका सिकाईरहेको बखतमा कक्षाकोठाको एउटा कुनामा बस्ने विद्यार्थीले प्रश्न सोध्यो, सर । यदिकुनै पनि केरा कसैलाई पनि बाँडिएन भने पनि प्रत्यके विद्यार्थीको भागमा एक एकवटा केरा पर्दछ त ?

केटाको यसखालको अनौठो प्रश्नले सबै विद्यार्थीलाई हँसायो । सबै गगल हाँसेको देखेपछि शिक्षकले जोडजोडले टेबल बजाएर शान्त हुन निर्देश गरे । शिक्षकले बच्चाहरुलाई भनेकी यसमा हाँस्नु पर्ने कुनै कारण छैन । उसले सोध्न खोजेको र जाँन्न खोजेको कुरा के हो भने यदि शुन्यलाई शून्यसंग भाग लाग्यो भने पनि परिणाम या भागफल एक नै आउँछ । उसको जिज्ञासा एकदम ठीक छ ।

यति भनेर उसले शुन्यले शून्यलाई भाग गर्दा आउने भागफलको बारेमा बतायो । वास्तवमा यही बच्चाले उठाएको प्रश्न उपर हजारौं बर्षदेखि गणितविज्ञहरुको बीचमातर्क विर्तक चलिरहेको थियो । शून्यलाई शून्यसंग विभाजित गर्यो भने त्यसको फल शून्य आउँछ भन्ने एकथरी मत थियो, होईन त्यसको फल एक आउँछ भन्ने अर्को थरिको मत थियो । अनि शून्यसंग शून्यको भाग गर्दा यसको परिणाम अन्नत Infinity हुन्छ भन्ने कुरा अर्का थरिको मत थियो । यसको सही जवाफ पनि यही थियो, यसलाई भारतिय गणितज्ञ भास्करले सर्वप्रथम प्रमाणित गरेर देखाई दिएका थिए ।

अरुको भन्दा अनौठो प्रश्न गरेर सबैलाई अल्लमल्ल पनि त्यही केटो सुप्रसिद्ध गणितिज्ञको रुपमा विश्वभरि चर्चिच बन्यो । तेत्तिस बर्षको कलिलो उमेरमा नै गणितको संसारमा विशिष्ट योगदान दिएर यस संसारवाट विदालियो । यी गणितज्ञको नामहो श्रीनिवास रामानुजन । यिनको जन्म २२ डिसेम्बर १८८७ मा भारतको तामिलनाडुमा भएको थियो । यिनका बाबु साह्रै गरिब थिए । एउटा कपडा पसलेकोमा कारिन्दा थिए । बाबु गरिब भएकौ कारण बाल्यकालमा उचित शिक्षादिक्षाको प्रबन्ध हुन सकेन । तर यिनले अवसर नपाउँदा नपाउँदै पनि तेंह्र बर्षको उमेरमा लोनीद्धारा रचित विश्वप्रसिद्ध ट्रिगोनो मेट्रीको समस्या हल गरेर देखाएका थिए । गणित प्रति यिनको रुचि कति सारो तीव्र थियो भने सोह्र बर्षको उमेरमा मद्रास विश्वविद्यालयले यिनलाई अध्ययनको लागि छात्रवृत्ति दियो । तर अघिल्लो साल भने गणितलाई मात्र अधिक समय दिएर अन्य बिषयमा फेल भएका थिए । त्यसैकारण पाएको छात्रवृत्ति पनि गुमेको थियो । यस घटनाले यिनका पिताजी धेरै रिसाए खाली गणितका संख्या मात्र अल्मलिएर विग्रियो भन्ने सोच । उनलाई तहलाउन आठ बर्षकी केटी संग विवाह गराईदिए । त्यस पछि उनको जीवनमा एकपछि अर्को समस्या थपिदै गए ।

पहिलो कुरा विहान बेलूका हातमुख जोड्ने समस्या आईलाग्यो, दोश्रो गणितको काम गर्नको लागि कपी कलम किताब जुटाउनको लागि पनि केही न केही रोजगारी गर्ने पर्ने भयो । अभावका दिनहरुमा उनले गणितका समस्या हल गर्न कागज नपाउँदा सडकमा फ्याकिएका थोत्रो कागजहरु पनि टिपे । लेखिसकेका कपीमा रातो मसीले लेखेर त्यही कागजलाई दोश्रो चोटी पनि प्रयोग गरे । तर पछि मुस्किलले महिनाको पच्चीस रुपैया तलब पाउने गरी सानो नोकरी मिल्यो । तर यिनको गणित प्रतिको झुकाव, ज्ञान र खोज प्रतिको उत्कण्ठालाई हेरेर महिनाको पचत्तर रुपौया पाउने गरी मद्रास विश्वविद्यालयले छात्रवृत्ति थियो । तर यो छात्रवृत्ति पाउनको लागि चाहिने शैक्षिक उपलब्धीमा डिग्री भने यिनी संग थिईन ।

विश्वविद्यलयमा छात्रवृत्ति पाएपछि गणितीय खोजको निम्ती बाटो खुल्यो । मद्रास विश्वविद्यालयले यिनको ज्ञानको तीर्खा मेट्न सकेन उनले क्याम्ब्रिज विश्वविद्यालयले यिनको ज्ञानको तिर्खा मेट्न सकेन उनले क्याम्ब्रिज विश्वविद्यालयका विख्यात गणितत्र जी.एच. हार्डीलाई शोधकार्य गर्ने ईच्छा राखेर पत्र लेखे । आफूले गरेका गणितीय खोजहरुको विवरणपनि पठाए । उनलाई तुरुन्तै हार्डीले क्याम्ब्रिज आउन निम्तादिए । २७ बर्षको उमेरमा क्याम्ब्रिज विश्वविद्यालय पुगे ।

उनलाई बेलायतमा समायोजन हुनभने केही गाह्रो भयो । एक त यिनी गर्मी ठाँउवाट अति ठण्डा मुलुकमा पुगेका थिए । अर्को बाहुन जातिका थिए , त्यसमा पनि शाकाहारी भएकोले त्यहाँको समाजमा अलिक गाह्रो भयो । त्यसैकारण आफ्नो खाना आफै बनाउनुपर्थ्यो ।

अनेकौं कठिनाईका हुदाँहुदै पनि गणितिय अनुसन्धानमा लागेर आफ्नो अभूतपूर्व प्रतिभा देखाए । उनले संख्याहरु सम्बन्धी अनेकौं काम गरे । यिनका यसै कार्यले १९१८मा रोयल सोसाईटीको फेलो घोषित गरियो । त्यसैबर्ष अक्टोबरमा उनलाई ट्रिनीटी कलेजले फेलो चन्यो । यो सम्मान पाउन उनी पहिलो भारतीय नागरिक थिए । बिजगणितको क्षेत्रमा रामानुजनले गरेको कार्य विश्व प्रसिद्ध गणितज्ञहरु यूलर Eular र जेकोबो Jacobo को समकक्षी छ ।

तर दुर्भाग्यको कुरा बेलायतमा अनुसन्धान गर्दा गर्दै उनलाई क्षयरोगले समात्यो । उनलाई घरमा फर्काईयो । यही रोगका कारण सन् १९२२ मा पैंतिस बर्षको उमेरको मुत्यु भयो । उनको नाममा रामानुजन ईन्स्टिच्यूट बनाईयो, उनकै नाममा पुरस्कार स्थापना गरियो ।

# The Four Students



There were four friends who hated studying. They partied all night before their exams and planned to skip the test by lying to the professor. So they went to the dean and told him that they had been to a wedding the previous night and on their way back, they had a flat tire. They continued to say that they had to push the car all the way back, as they didn’t have a spare tire and hence, were not in a position to write the exam.

The dean listened and agreed to let them take the test on a later date. Happy that they got a second chance, the four friends studied hard and were ready for the exam. On exam day, the dean asked the students to sit in separate classrooms, which the students agreed to.

The examination paper had only two questions, for a total of 100 marks. The questions were thus:

1. Your name:
2. Which tire of the car burst: a) Front left b) Front right c) Rear left d) Rear right

**Moral**

*You may be smart, but there are people smarter than you in the world.*

# Facts

- Pure water has no smell and no taste, it also has a pH level around 7.
- While most people know that water boils at 100 °C (212 °F), this is at the normal conditions of sea level. The boiling point of water actually changes relative to the barometric pressure. For example, water boils at just 68 °C (154 °F) on the top of Mount Everest while water deep in the ocean near geothermal vents can remain in liquid form at temperatures much higher than 100 °C (212 °F).
- Rabbits and parrots can see behind themselves without even moving their heads!
- Most of the dust in your home is actually dead skin! Yuck
- A hippopotamus may seem huge but it can still run faster than a man.
- A person who studies dinosaurs is known as a paleontologist.
- Bamboo can be a fast growing plant, some types can grow almost a metre (3.28 feet) in just one day!.











# स्वच्छ वातावरण

जतातत‍ै हरियाली
स्वच्छवातावरण ।
सफा स्वच्छ हावा पानी भए
हुन्छ निरोगी जिवन
वरिपरी फोहोर नगरी
बसौ सफा सुघर ।
यसैगरी सफागर्दै गरौं देशको सुधार ।

विनोद सञ्जेल
श्री विध्याधिस्वरी मा.वि












**Question By A STUDENT !!**



**If A Single Teacher Can't Teach Us All The Subjects, Then..**
**How Could You Expect A Single Student To Learn All Subjects??**







## 7 FACTS IN THIS WORLD

1. You cannot put soap in your eyes.
2. You cannot count your hair.
3. You cannot breathe thru your nose, with your tongue out.
4. You did no. 3.
5. When you did no. 3. you realized its possible, but only you look like a dog.
6. Your smiling right now, because I fooled you.
7. Share this so you can have revenge too.



# शिक्षा

शिक्षा नै हो हाम्रो जीवन
शिक्षा नै हो जिउने आधार
शिक्षा विना अन्धो हुन्छ
देखिदैन संसार

पर्दैन महल पढ्नलाई
झुपडी मै हुन्छ
शिक्षाले नै गर्दा खेरी



शिक्षा झुल्टेको धनी होइन
मनको धनी हो
भविष्यमा चम्काउने
महान व्यक्ति हो

नामः अनुसा वरान
कक्षाः आठ
विधालयः श्री ५ महेन्द्र माध्यमीक विद्यालय






# गरिब भएपछि



पढने रहर त ठूलो थियो
पढ्न पाइन गरीबको कोख्मा जन्म लिएर (२)
नर्स बन्न रहरत ठुलो थियो
पाइन गरिबको कोख्मा जन्म दिएर
आजकलको जवानी कस्तो आयो
नपढी केही गर्न नपाईने
गरिबको कोखमा जन्म लिएर गर्छु केही भन्न नपाइने
मेरो जिन्दगी यस्तै होकी जहिले दु:ख गर्नुपर्ने
दु:ख गर्दा गर्दै गरिबको काखमा मर्नुपर्ने
संसार मलाई अधुरो लाग्छ सायद गरिबको कोखमा
जन्म लियर होला
संसार मलाई धिकार लाग्छ सायद पढ्न नपायर होला

नाम: स्वस्तिका दहाल
कक्षा: नौ
विधालय: श्री नारायणी माध्यमीक विधालय, गिम्दी



# गीत



htftt}xl/ofnL a;Gt Ctd'f .
sf]nL af]N5] s'x' s'x' lxdfnL kfvfdf ..
nfnL u'/fF; age}l/ km'n] 9sdSs .
ljbf]L cfpFg xg]{nf0{xb]{k5g\5Ss ..
8f8f kfvf xl/ofnL psfnL .
bf]8f ult ufp5' ;fyL kxf8L gkf]nL ..

t'nl; ;fsL{
chod]? xf6



# शिक्षा

डाँडा काडाँ धाएर पढन आउछौ साथी
राम्रो सँग पढेर अनि पुगिन्छ माथी माथी

माथी माथी पुग्छौं हामी चन्द्रमा छुन
सबैको अगाडी पढौं साथी सम्मानित हुन

स्कुल आउँछौ हामी पढन लेख्न
शिक्षा सधै लिनु पर्छ सगरमाथा टेक्न

मनपर्छ धेरै मलाई देवकोटा र कवि
यो हो प्यारो विध्यालय श्री ५ महेन्द्र मा वी

घरैघरले घेरिएको मेरो विध्यालय
कस्तो हुन्थ्यो सबै शिक्षक एकै साथमा भए

शिक्षा हाम्रो जिन्दगीको अमूल्य गहना
शिक्षा बिना पूरा हुन्न हाम्रो मनको चाहाना

शिक्षा विहिन मानिसलाई पशु सरह ठानिन्छ
त्यसैले त शिक्षालाई महत्वपूर्ण मानिन्छ

नाम : सम्झना परियार
कक्षा : आठ
श्री ५ महेन्द्र मावि, ठूलादुर्लुग



# विध्यालय

ढकमक फूलफूलेको सुन्दर छ मेरो गाउँ
श्री ५ गुमरङ आधरभूत विध्यालयको नाउँ
हाँसी खेली रमाउदैं विध्यालय आउने
गुरुआमाहरुले दिनुभएको शिक्षा राम्रो लिने

हरियाली वनजङ्गल बिचमा छ विध्यालय
यो विध्यालयको वातावरणमा हामी रमाउने
राम्रो शिक्षा हासील गरेर ठूलो मान्छे बन्ने
डाक्टर, पाइलट, इन्जीनियर भएर  देश विकास गर्ने

पहिलो पाठशाला घर हो भने
दोस्रो विध्यालय
यही विध्यालयमा राम्रो पढ्छु
बन्छु राम्रो मान्छे

नामः इच्छा सुनुवार
कक्षाः ६
विध्यालयः श्री गुमराङ आधारभूत विद्यालय



# प्रकृति

कति राम्रो प्रकृति यो
सुन्दर , शान्त, विशाल
देश हाम्रो कति राम्रो
मातृभूमि नेपाल ।।

बाह्रौ महिना सफा सेतो
हिमाल कति राम्रो
हरियो पाखा, वनजङ्गल
यो त झन राम्रो ।।

लालीगुराँस फूल्छ यहाँ
डाफेँ मुनाल नाच्छन्
नेपाल हेर, कति राम्रो
आफैँ नाचौँ जस्तो ।।

तराई, पहाड अझ राम्रो
खोलानाला राम्रो
अनेक थरी जातजाती
भेषभूषा राम्रो ।।

नामः मनिस तिमल्सिना
कक्षाः सात



# आजका कोपिला

कोपिला हैं कोपिला
फूल बन्ने कोपिला
फक्रने छौं एकदिन
ढकमक चम्कला

जान्न सुन्न बुझ्नु नै
आखाँभरि छ चाख
पढ्न लेख्न, खेल्न नै
मुटुभरि छ आस ।

मीठा मीठा सपनाको
माला गुँथ्ने गर्दछौं
साना साना हातले
विपना रोप्ने गर्दछौं ।

देशका हौ कर्ण धार
पोरखी र जोसिला
भोलिका त फुल हौं
आजका हामी कोपिला ।

नाम: अमृता दाहाल
कक्षा: आठ
विध्यालय: श्री गुमराङ आधारभूत विद्यालय



# रुख र मान्छे

सानो मान्छे पसिना पुछ्दै रुख मुनी पुग्यो । रुख पनि झ्याम्म परेको सानो- सानो थियो । रुखमा छायाँ भने बाक्लो थियो । रुखले हाँगा हल्लाई दियो । शीतल हावाले गर्दा पसिना ओबाए । उसलाई मजा लाग्यो ।

ऊ रुखमा चढ्यो र हाँगामा झुन्डिएर खेल्न थाल्यो । रुख खुशीभयो । मान्छे जान थाल्यो । रुखले भन्यो, “फेरि फेरि आऊ है ! हामी मीत लाउँला !Æ
“टाटा !Æ मान्छे भन्यो ।

मान्छे फेरि आयो । उसले कमलो पात टिप्यो र बजायो, “तिरिरी ईईई.... मुरलीबज्यो बनैमा..... । Æ रुख खुशीभयो । यसलाई नाचूँनाचूँलाग्यो र हाँगातल -माथि गरेर नाच्यो । मान्छेलाई पनिखुप रमाईलो लाग्यो ।

मान्छेले छिप्पिएका पात टिपेर घरमालग्यो । पातबाट दुनाटपरी बनायो । त्यसैमादालभातखायो । त्यो उसलाई मीठो लाग्यो । रुख खुशीभयो ।

अर्को दिन मान्छे थकाई र भोकले तड्पिदै रुखमुनीपुग्यो । रुखमाफललागेकाथिए । केहीफलपाकेकापनिथिए । रुखले भन्यो, “के हेर्छौ ?आऊ । टिप । खाऊ । अघाऊ ।Æअलिकति टिपेर रुमालमापोको पार्‍यो र हिँड्यो । रुख खुशीभयो ।

एकदिन मान्छे रुखमुनीपुग्यो । झोक्रायो । रुखले सोध्यो, “किन , सन्चो भएन?Æ
“हो , मलाई सन्चो छैन । टाउको दुखेको छ । तिमीले कसरी चालपायौं ?Æमान्छेले भन्यो । रुखले भन्यो, “लतिमीलाई देखेर थाहाँपाई हाले नि ! बरु मेरा कमला मुन्टा (मुना) मिचेर चबाएर खाऊ । सन्चो भईहाल्छ । Æ

मान्छेले त्यसै गर्‍यो । एकैछिनमाउसलाई सन्चो भयो । चª्गा मन लिएर मान्छे हिंड्यो । रुख खुशीभयो ।

एक अर्कोदिन मान्छे रुखमुनीपुग्यो । रुखमा चढ्यो ।उसले खुर्पेटो भिरेको थियो । खुर्पेटोमाखुर्पा थियो । उसले खुर्पाले हाँगा छिमल्यो र सेउलागाईबाखालाई खुवायो । केही सेउलाले घर छायो र हाँगाबिगाले घरको वरिपरि बारबारे गरेर ढुक्क भयो । रुख खुशीभयो ।

हिउँदको एकदिन मान्छे फेरि रुखमुनीपुग्यो । साथमाआरा र बन्चरो ल्याएको थियो । अरु मान्छे पनिउसका पछिपछि आएकाथिए । उसले रुखमाथी हे¥यो । रुख ठूलो भईसकेको थियो । रुख केहीबोलेन । उसले रुखलाई सोद्धा पनि सोधेर । उसले रुखलाई फेदैबाट काट्न खोज्यो । रुखको आa lhraग भयो, तर ऊ केहीबोलेन । रुख ठूलो आवाजगर्दै डaraग ढल्यो । उसले रुखलाई गिँड्यो, चि¥यो र बोकाएर लग्यो । रुख दुखीभयो ।

भोली पल्ट मान्छे सुट, बुट र टाईमा ठाँटिएर हिँड्न थाल्यो । ऊझिल्के देखियो । अरु मान्छेले उसलाई मानगर्न थाले ।

अनिउ रुख भएको ठाँउमा धेरै दिनसम्मआएन । रुख दुखीभयो दिनबित्दै गए ।

एकदिन मान्छे फेरि त्यहाँपुग्यो । ऊ कुप्रो परेको थियो र उसले लौरा टेकेको थियो । गर्मीचर्को थियो । पसिनाखलखलबगिरहेकाथिए । मान्छे आत्तिएको थियो । टाढाटाढासम्म रुख थिएनन् । छायाँ थिएन ।पानीथिएन । मान्छे टोलायो । रुखलेभन्यो, “बस बस । यही ठुटामै बसे हुन्छ ।Æ मान्छे त्यही ठुटामाथि टुक्रुक्क बस्यो । उसले सुईय्य्य गरी लामो सास फे¥यो । रुख खुशीभयो ।

मान्छेले सोध्यो, “तिमीलाई म माथी रिस उठेन ?Æ

रुखले भन्यो, “उठेन । रिस उठे पो म के गर्न सक्छु ?अझै पनिदाउराको खाँचो छ ‘भने जरैसुद्ध खनेर लगे हुन्छ बा !!Æ

मान्छेले भन्यो, “मलाई लज्जित नतुल्याऊ । Æ

रुखले भन्यो, “यसमा लाज माननुपर्ने केही छैन । तिमीलाई साँच्चै नै रुखको खाँचो छ । यो मलाई थाहा छ । धन्दानमान । मैले ऊ तीत्यहाँत्यो छेउमा सुटुक्क बीउ रोपेको छु । बरु तिमीत्यसलाई बचाऊ र हुर्काऊ । तिमीलाई पछि कामलाग्नेछ । Æ

मान्छेलाई यतिभन्नपाएकोमा रुखलाई खुशीलाग्यो ।

रुखले फेरि भन्यो, “मीतलाउने भनेको खै ?Æ

मान्छे खशीभयो ।उसले भन्यो, किननलाउने ? लाउँछु । Æ






Once upon a time there was a rose who was very proud of her beautiful looks. Her only disappointment was that she grew next to an ugly cactus. Every day, the rose would insult the cactus on his looks while the cactus stayed quiet. All the other plants in the garden tried to make the rose see sense, but she was too swayed by her own good looks.

One summer, the well present in the garden grew dry and there was no water for the plants. The rose began to wilt. She saw a sparrow dip her beak into the cactus for some water. Though ashamed, she asked the cactus if she too could have some water. The kind cactus readily agreed and they both got through the tough summer as friends.

Moral of The Story

Never judge someone by the way they look.




Guinness Book of Records holds the record for being the book most often stolen from Public Libraries



Cockroaches can live for several weeks with their heads cut off, because their brains are located inside their body. They would eventually die from being unable to eat






A crocodile can't poke its tongue out



It is physically impossible for pigs to look up into the sky






# Elephant And Friends



A lone elephant wandered the forest looking for friends. She came across a monkey and asked, “Will you be my friend, monkey?” “You are too big and cannot swing on trees as I do. So I cannot be your friend”, said the monkey.

The elephant them came across a rabbit and asked him if she could be his friend. “You are too big to fit inside my burrow. You cannot be my friend”, replied the rabbit. Then the elephant met a frog and asked if she could be her friend. The frog said “You are too big and heavy. You cannot jump like me. I am sorry, but you cannot be my friend”. The elephant asked a fox, and he got the same reply, that he was too big. The next day, all the animals in the forest were running in fear. The elephant stopped a bear and asked what was happening and was told that a tiger has been attacking all the animals.

The elephant wanted to save the other weak animals and went to the tiger and said “Please sir, leave my friends alone. Do not eat them”. The tiger didn’t listen and asked the elephant to mind her own business. Seeing no other way to solve the problem, the elephant kicked the tiger and scared it away.

She then went back to the others and told them what happened. On hearing how the elephant saved their lives, the animals agreed in unison, “You are just the right size to be our friend”.

**Moral**

*Friends come in all shapes and sizes!*

# रंग भर नतिजा



नाम : कृष्शन महर्जन

विद्यालयको नाम : ज्ञानोदय

# गजल

दोबाटोमा एक्लै छोड्यौ, फर्की अब आउने छैन
अँध्यारोलाई छाउने छैन

पर्खी बस्थैँ भञ्ज्याङमा तिमी आउने बाटो हेरी
बन्द गऱ्यौ बाटो पनि तिमीलाई भेट्न धाउने छैन

साँचो माया गरेकै हुँबदलामा पीडा दियौ ?
तिमी बाहेक अरुबाट पीडा पाउँने छैन

साइनो जोडेँ मायाको त्यो पहिलो र अन्तिमभो
फेरि पनि भुल गर्न कहीँ माया लाउँने छैन ।

नाम : सामना बञ्जारा
विद्यालयको नाम : श्री गुमरमाङ आधारभूत विद्यालय
कक्षा : ८



# राम्रो बानी

चर्पीजाउँ सधैं बानीबसालौं
घर, वातावरण सफाभएहुने छैन हैजा, उपाउँ
हातधुने सधैं साबुनपानीले
सानै देखीसिकाइँदै बिर्सिन् कहिलै

विद्यालयजाउँ सधैं पहिलो स्थानहासील गरौं
आफू भन्दा ठूलालाई आदर गर्ने बानीबसालौं
आफू भन्दा सानोलाई पिट्नु हुन्ननानी
पीटे पछि हुन्छ नराम्रो बानी

विद्यालयहो हाम्रो दोस्रो पाठशाला
विद्यार्थीले पाउनु पर्छ बालअधिकार
विद्यालयमा सधैं अनुसासनपालन गरौं न
ठूलो भाई राम्रो बानीसिकेर देशको बिकास गरौं न

गुरुआमाले भनेको कुरा पनिमान्ने गरौं
आज देखीहामी सबैले राम्रो बानीसिक्ने गरौं

नाम : सुमिरा सुनुवार
कक्षा : ७
विद्यालय : श्री गुमरमाङ आधारभूत विद्यालय



# हाम्रो संस्कृती

अनेक थरी संस्कार छन् भिन्नभिन्न चाल
तेहीचालले उठेको छ है ! हाम्रो देश नेपाल ।

घ्यौसी भैलो खेजेडी र भोटे-तामाङ्ग सेलो
रीदी-घर घाटूँ च्याबढ्ङ्ग देउदा मेलो ।

सङ्गिनी र मादलुकाआफ्नै भाका छन् है !
तेहीभाकाले नाच्दैं उठ्ने हाम्रो नेपाली है !

उँधौली र उँभौलीनितिजकाआफ्नै पारा
दशैं तिहार माघी छठ के माकमी छ र ?

हिन्दु बौद्ध शीख मुस्लिम धर्म काज शाई
मिली बस्छन् नेपालमा काही छैनन् पराई ।
गुम्बातिर गुञ्जीरहने ऊँमानी पेम्बे हुम्
मन्दिरका घण्टा शङ्ख ऋचाश्लोक उस्तै हुन् ।

समावेशी संस्कारमाधनी छौं है हामी ।
एस्तो राम्रो संस्कृतीको जोगाड गर्नु नानी ।

नाम : यसोदा २०१९ जुन पेज १६ प्रकासित



# मेरो गाउँ

मेरो प्यारो गाउँ
रमणिय ठाउँ ।
वरिपरि डाडाँकाडाँ
बिचमा मेरी गाउँ

गाउँदेखि माथितिर
हरियालीवान
वन नै होनी
नेपालको धन ।

रातो सेतो माटोले रङएको सानो घर
याहाँ त वनै राम्रो, छ स्वच्छ वातावरण

वस्ती छ सानो गाउँ
सुन्दर संसार ठाउँ
यहाँआउने मानिस भन्छन्
स्वर्ग नै छ यो गाउँ ।

नाम : अमृत दाहाल
कक्षा : ७
विद्यालय : श्री गुमरमाङ आधारभूतविद्यालय



# असल बानी

असल बानी हुनलाई सधै विद्यालय जाऔँ
विद्यालयमा अनुसासन सधैँ पालना गर्ने
गरौँ क, ख, ग, घ र A,B,C,D पढ्ने हामी
सानानानी भष्यिमा पढेर देशको बिकास गर्न

ठूलालाई आदर र सानालाई माया गर्न
राम्रो हुन्छ बानी आमाबुबा आदि सँग
झगडा गरे हुन्छ नराम्रो बानी

धेरै पढेर डाक्टर बन्नु पर्छ
बिरामीलाई असलभई सहयोग गर्नुपर्छ
आज देखि हामीले  नराम्रो बानी छोडौँ
असल बानी सिकौँ ।




नाम : रविना तिमल्सिना
कक्षा : ७
विद्यालय : श्री गुमरमाङ आधारभूत विद्यालय



# नेपाल आमा

यो संसार देखाउन सहयोग गऱ्यौ आमा
तिम्रै लागि गर्नेछु म शत्रु देशको नाश

यो देशलाई बचाउन राखेको छु आस
नेपालआमा तिम्रै दिलमा गर्नेछु म बास

जन्मे हुर्के नेपाल आमा तिम्रो काखमा नै
असल काम गर्छु आमा तिम्रो काखमा नै

स्वच्छ हावा स्वच्छ पानि तिम्रो कोखमा छ
तिमी सँग धन्य भए नेपालआमा म त

जान्न आमा तिम्रो काख छाडेर म कैले
तिम्रो काखमा मर्नेबाचा गरे आमा मैले

नाम : स्वस्तिका दाहाल
कक्षा : ९
विधालय : श्री नारायणी मा. वि.



# मेरो देश

राम्रो लाग्छ मेरो देश
हिमाल पहाड तराइ
मिलीजुली बस्छन् सबै
काही छैन पराइ ।

राम्रो लाग्छ तराइ धेरै
हिमाल पहाड पनि
कसैले हेलागर्दैनन् यहाँ
सानो ठुलो जातभनि ।

धेरै राम्रो हरीयो वन
झनै राम्रो हाम्र नेपाल
सबै मान्छे एउटै हुन्
घीडा किनगर्नु बेकार ।

रङ्गीन छ हाम्रो नेपाल
रमनीय धेरै ठाँउ छ
नेपालहाम्रो आमा नै हुन्
हाम्रो मनमात्यहीनाँउछ ।।

नाम : इन्दिरा तिमल्सिना
कक्षा : १०
विधालय : श्री नारायणी मा. वि.



# नगर हेला दलित भनेर

मान्छे सबै समान छन्
कोही छैनन् अछुतो ।

सानो जात भन्दैमा
मान्नु हुन्न पछुतो ।।

विश्वमै अडेको छ
सारा संसार जगत ।

निचोरेर हेर शरिर उसको
रातै आउँछ रगत ।।।

कसले बनायो ठुलो र सानो
जात सबै बराबर होइन र?

किन गर्छौ घृणा उसलाई
तिम्रो झैं उसको मन होइन र?

नाम: सलिना दियाली
कक्षा: छ
विद्यालय:श्री नारायणी माध्यमीक विद्यालय, गिम्दी



# विद्यार्थी जिवनमा अनुशासनको महत्व

विद्यार्थी जिवनमा अनुशासनको महत्व छ । अनुशासन नभएको मानिस पुच्छर नभएको जनावर नस्तै हुन्छ । विद्यार्थीमा अनुहासन हुनुपर्छ । उनीहरुको जीवनमा अनुशासन अपरिहार्य बस्तु हो । विद्यार्थीमा अनुशासन चाहिन्छ । किन भने उनीहरुको जीवन नकरात्तक सोच नआउनका लागि अनुशासन चाहिन्छ । विद्यालयमा आएर शिक्षकले भनको मान्य आफु भन्दा सानालाई माया गर्ने, आफु भन्दा ठूलालाई माया गर्ने, जस्ता कुराहरु अनुशासन भित्र पदर्छ । साथी साथी बीच सम्मान व्यवहार गर्ने विद्यार्थी जीवनमा अनुशासनको धेरै महत्व छ । अनुशासन भित्र आफु भन्दा साना मानिसलाई माया गर्ने, शिक्षकले दिनुभएको गृहकार्य गर्ने साथीसँय मिलेर बस्ने आदि कुराहरु अनुशासन भित्र पदर्छ ।

नामः सुन्दर बराम

कक्षाः ९

विद्यालयको नामः श्री ५ महेन्द्र मा.वि, ठूलादुर्लुङ



# शिक्षा हामी विद्यार्थीका लागि अपरिहार्य वस्तु

शिक्षा भएमा मात्र विकास गर्न सकिन्छ । कुनै पनि देशको महत्वपूर्ण स्रोत र साधन भनेको शिक्षा हो । शिक्षाले मानिसलाई चेतनशसील बनाँउछ । शिक्षा नभएको मानिस बाँदर सरह हुन्छ ।

सहज र सक्रिय र सुझावपुर्ण ढङगले काम गर्न शिक्षित भएको हुनुपर्छ । शिक्षाले सिप र व्यवहार उन्नति गर्छ । शिक्षाले गुणात्मक जीवनापन गर्न सहज बनाँउछ । शिक्षाले अन्य क्षेत्रका विकासका ढोकाहरु खोल्ने हुँदा यसलाई विकासको महत्वपुर्ण पूर्वाधारका रुपमा लिन सकिन्छ । शिक्षाले विभिन्न विकासका क्षेत्रलाई आवश्यक पर्न जाने र सिपयुक्त जनहाकित उत्पादन गर्न सहयोग गर्छ । शिक्षाले नागरिकलाई सिर्जनशील बनाउन सहयोग गर्छ ।

आर्थिक विकासमा टेवा पुऱ्याउन शिक्षाले सहयोग गर्छ । शिक्षाले स्वावलम्बी बन्न यसले सहयोग गर्छ । शिक्षाले गर्दा नै मानिसलाई गाह्रो भएको काम सहज रुपले गर्न सकिन्छ ।



नाम : सुनिल गोले
कक्षा : ९
विद्यालय : श्री पाँच महेन्द्र मा.वि.

# समाजमा विद्यार्थीको भुमिका

समाजमा विद्यार्थीको भुमिका निभाउन पदर्छ र हामीले जानेको नयाँ नयाँ कुराहरु याहाँ पायो भने समाजमा गएर भन्न पर्छ र हामी सबैजना पढेर समाजमा नराम्रो कुरितिहरु हटाउनुपर्छ । अनि हामीले अलि अलि नाम लेख्न सिकाउनु पर्छ । जात भातमा भेद भाव गरेको छ भने हामीले त्यहाँ गएर उहाँहरुलाई सम्झाउन पर्छ । हामी सबै समाजमा मिलेर बस्नुपर्छ अनि सबैले एक अर्काको भावना बुझ्नुपर्छ । हामीले पढे भन्दैमा समाजमा ठूलो मान्छे बन्न हुदैन । हामीले समानमा बस्नु भएका आमा, बुबा, दाजु र भाईलाई दिदी बहिनीहरु सबैलाई अप्ठेरो परेको बेलामा सरसहयोग गर्नुपर्छ । हामीले विद्यार्थी भएर समाजमा होहल्ला गर्नुहुदैन । समाज विकास हुनका लागि पनि विद्यार्थीको भुमिका हुनुपर्छ । हामीले पढेर समाजलाई उत्साहा, उमङ्ग बढाउन सक्नुपर्छ ।

नामः सजिना बराम
कक्षाः ९
विद्यालयको नामः श्री ५ महेन्द्र मा.वि, ठूलादुर्लुङ



# SPOT THE DIFFERENCE!

Find 10 differences between the 2 pictures!







www.timvandevall.com

Copyright © Dutch Renaissance Press LLC

# Countries of the World



## Word Search Puzzle

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| I | M | E | J | Y | A | A | M | T | T | U | R | K | E | Y | Q | N |
| K | O | G | E | R | M | A | N | Y | L | W | O | Q | S | P | X | S |
| U | N | I | T | E | D | S | T | A | T | E | S | W | N | F | K | E |
| C | B | R | A | Z | I | L | G | K | J | T | S | W | E | D | E | N |
| L | A | R | L | O | Q | U | Q | S | Q | A | D | N | A | A | F | X |
| B | A | N | D | L | T | B | Z | M | P | V | P | N | K | N | M | I |
| T | X | U | A | R | O | C | B | X | A | A | I | A | N | M | O | T |
| R | D | M | O | D | S | F | E | N | A | H | I | R | N | D | T | A |
| C | T | P | Y | F | A | Q | I | N | C | P | A | N | A | M | A | L |
| J | Z | E | P | C | E | T | N | J | Y | P | I | S | L | K | I | Y |
| U | U | I | T | C | N | D | D | C | B | W | R | G | D | E | W | R |
| L | Z | N | E | E | N | O | I | N | G | E | O | N | C | N | A | U |
| Q | W | E | G | A | C | D | A | O | D | U | L | N | K | Y | N | S |
| A | R | R | L | I | N | W | U | R | X | S | A | G | F | A | C | S |
| G | A | G | X | B | R | G | I | W | O | R | I | M | I | I | G | I |
| C | N | E | U | T | E | A | K | A | F | L | F | F | B | U | T | A |
| E | M | U | E | O | Q | X | N | Y | C | I | O | Y | M | J | M | R |



ARGENTINA
BELGIUM
BRAZIL
CANADA
CHINA
ENGLAND
FRANCE
GERMANY
GREECE
INDIA
IRAN
ITALY
JAPAN
KENYA
MEXICO
NORWAY
PANAMA
PORTUGAL
RUSSIA
SPAIN
SWEDEN
TAIWAN
TURKEY
UNITED STATES

Free printable courtesy of PrintitFree.net

# म र मेरो देश

म जन्मेको जन्मभूमि मेरो प्यारो नेपाल
हेर्दा सानो भएपनि लाग्छ मलाई विशाल

हिमाल, पहाड, तराई मिलि बनेको छ देश
ढाका टोपी, दौँरा सुरुबाल हो नेपाली भेष

नडराने, नझुक्ने नेपालीको सान
गोरखाली सङ्घर्षले फैलियको छ नाम

नेपाली हैं नेपाललाई गर्छु सधैं माया
जहाँ गएपनि हिमाल मेरो सधैंभरी छाया

देश विकासको लागि पछि हट्ने छैन कहिलै
आमासम्मान देशलाई माया गरिरहन्छु जहिले ।



नामः सबिना दुलाल
विध्यालयः श्री गुमराङ आधारभूत विद्यालय

# How to Draw Lotus

**2.**



**3.**



**4.**



**5.**



**6.**



**7.**



**8.**



**9.**



# जानकारी मूलक सन्देश विद्यार्थीहरुका लागि



परिक्षामा सहभागी हुदाँ

आजै नहेरे केही हुन्न रे !

तीन दिन नहेरे आँखा तिरिमीरि,
नौ दिन नहेरे नौलो, बीस दिन
नहेरे बिर्सने ।

स्कूल पढ्दा धेरै विद्यार्थीले सुन्ने गरेको हुनु पर्दछ । मैले त सुने तपाई सुन्नु भयो ? किनाई सुन्न भएको छैन भने पढियो, बिशेषगरी यो वाक्य विद्यालयको परिक्षा नजिक आउदै गर्दा शिक्षकहरुले भन्ने गर्थे । रमाईलो लाग्छ अहिले सुन्दा कति कठनहरु सुन्दा प्रेरणादायि लाग्छ कतिपय उदास लाग्छ त कहिले त कति हेपिएको उखान टुक्का

**बालबालिकाको पढ्ने कौशल कसरी विकास गर्ने ?**

१. बालबालिकाको पढ्ने कौशल विकास गर्नका लागि गर्नु पर्ने आधारभूत काम भनेको उनीहरुलाई भाषाको आनन्दबाट परिचित गराउनु हो । यसकालागि सबैभन्दा राम्रो गतिविधि भनेको बालगीग सुनाउनु हो ।
२. यस पछि दोश्रो महत्वपूर्ण गतिविधि हो, कथा पढेर सुनाउनु यसले बालबालिकाको कथाका पात्रका बारेमा आफ्ना अनुभव साझा गर्ने अवसर मिल्छ ।
३. तेश्रो गर्तिविधि जो बालबालिकालाई पढ्ने कौशल विकसित गर्ने आधार हो, त्यो भनेको लेखिएका अक्षरहरुसंग उनीहरुलाई परिचित गराउनु हो । ताकि, बालबालिका अक्षर एवं मात्राहरुको पहिचान गर्न सकुन् । अक्षरहरुको पहिचानका लागि सबै भन्दा राम्रो र उपयोगी विधि भनेको पहिलो आवाज चिन्ने कला हो । जस्तो कि कलम शब्दको पहिलो आवाज क हो । यस पछि उनीहरुलाई क अक्षर लेख्ने र चिन्ने मौकादिन सकिन्छ ।
४. आवाजलाई जोड्ने खालका गतिविधिले बालबालिकाको अक्षरवाट शब्द पढने तर्फ अग्रसर बनाउन छ । यसका लागि दुई आवाज मिलाएर शब्द बनाउने मौखिक गतिविधिवाट धेरै मद्दत मिल्छ । रिदि· रिसर्चको भाषामा यसलाई ब्लेडिª jfhf]g]elgG% . h:tf]ls s tyf / sf]cfjfh ldnfP/ s/ h:tf]Wjlg aGb% .



5· zAbx? k(g, l;Sgsf];fy ;fy afnaflnsf jfSo ;/rgf;u klg dflvs ?kdf kl/lrt xG%g . pgLx?nfO %f^]f%f^]jfSo k(g]cEof; zAbx? k(gdf kf/ut aGgyfn];u lbg ;lsG% . o;sf nflu afnaflnsfnfO cfk;df ljleGg laifo, #^gf, sxfgL, slj tf, k|Zgx?df s'/fsfgL ug]cj;/ lbg ;lsG% . o;sf nflu slj tf dflvs ?kdf kl/lrt ePkl% k(g]cj;/ lbg ;lsG% .

6· hf}s;n]ny}sf kf&o ;fdu|L k(/ ;Demg]ultljlwsf]?kdf %f^]%f^] zAbnfO पढ्ने र लेखिएका शब्दलाई बालबालिकाको वरिपरिको परिवेशसंग जोड्नु निकै फाईदाजनक हुन्छ । जस्तो कि उनीहरुलाई आसपासका जनावर, गाउँहरुका नाम पढ्ने अवसर दिन सकिन्छ ।

७. बच्चाहरुलाई जाडो मिलाएर समेत पढ्न लगाउन सकिन्छ । यसवाट कमजोरलाई अन्य बालबालिकासंग बसाल्न सकिन्छ । यसो गर्दा बालबालिकालाई आफ्ना रोजाईका साथी चुन्ने अवसर दिनु पर्छ ।

८. पढ्ने कौशलको सम्बन्ध पढ्ने बानीसँग रहेको हुन्छ । यस्तोमा बालबालिकाहरुमा पढ्ने बानीको विकास गराउनु आवश्यक छ ताकि बालबालिका किताबसँग एउटा मित्रता गास्न सकुन ।

# Hidden Pictures

*Can you find these things in the big picture?*





ALADDIN & JASMINE

नाम : ............................................................................ कक्षा : ............

विद्यालय : ........................................................

इच्छकु विद्यार्थीर्हरुले माथिको चित्रमा सहुाउदो रगं भरी मे महिना भित्रमा लू निभाः को कार्यालयमा पठाउनपु पर्नेछ । सहभागीहरु मध्येमा उत्कृष्ट सहभागीहरु पुरस्कृत गरिनेछ । निम्न माध्यामिक तह सम्मका विद्यार्थीहरुले मात्र सहभागी हुन पाउनेछन् ।

## THE MOUSE-TRAP MAZE




With a crayon or pencil follow between the lines, beginning at the starting point. Do not cross any lines. Try to take the path that will bring the mouse to your trap. Be very careful or the mouse will escape.

यो बाल उद्यानलाई शिक्षा समयानुकूल र बाल सहभागितामा आफ्नो लेखन कलालाई स्थान दिन हामी सम्पूर्ण भाईबहिनीहरुमा हार्दिक अनुरोध गर्दछौं । साथै शिक्षामा विद्यालय, शिक्षक र अभिभावकको पनि भिन्न मत-अभिमत र सुझाव हुने भएकाले, आगामी अंङ्कमा सम्पूर्ण इच्छुकहरुलाई आफ्नो लेख रचना पठाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं । शिक्षामा विद्यालय, अभिभावक, विद्यार्थी र शिक्षक र शिक्षामा काम गर्ने संस्थाहरुको भूमिका, दायित्व, सुझाव, गुनासोहरु र अनुभवहरु पठाउन हार्दिक अनुरोध छ ।















Interpedia
प्रकाशन सहयोग

प्रकाशक:
लू निभा: बाल सरोकार समूह
(Loo Niva Child Concern Group)

लू निभा:
बाल सरोकार समूह